# तुलसीपुर उपमहानगरपालिका
# नगर कार्यकालिकाको कार्यालय
### तुलसीपुर, दाङ्ग
### प्रथम पटक प्रकाशित मिति २०७५/०७/१२

यस तुलसीपुर उपमहानगरपालिका कार्यालयको लागि मोटरसाइकल खरीद शिलवन्दी वोलपत्रको माध्यमवाट गर्नु पर्ने भएकाले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म, कम्पनी वा सप्लायर्सहरुबाट निम्न शर्तको अधिनमा रही रितपूर्वकको सिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

**तपसिल**

१. वोलपत्र फाराम खरीदको लागि आ.व. २०७५/२०७६ को नविकरण भएको इजाजतपत्र, आयकरदर्ता प्रमाणपत्र, मू.अ.क. दर्ता प्रमाणपत्र, फर्म संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र र आ.व. ०७५/०७६ को कर चुक्ताको प्रतिलिपि सहित निवेदन दिई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) दिन सम्ममा तपसिलमा उल्लेखित दस्तुर जम्मा गरी (फिर्ता नहुने गरी) खरिद गर्न सकिनेछ । वोलपत्र सम्बन्धी कागजात यस कार्यालयबाट खरीद गर्न सकिनेछ ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन, दिनको १२:०० बजे भित्र दाखिला गर्ने वोलपत्रको प्रत्येक पानामा सही छाप गरी खाम बन्दी गरी खामको वाहिरी भागमा यस कार्यालयलाई सम्बोधन गरी ठेक्का नं, कामको विवरण, वोलपत्र दाताको नाम, पत्राचार गर्ने आधिकारिक ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई खाममा सिलबन्दी छाप गरी यस कार्यालयमा मात्र दर्ता गराउनु पर्नेछ । यसरी दर्ता हुन आएका वोलपत्रहरु सोही दिन दिनको १४:०० बजे कार्यालयका प्रतिनिधिहरु र वोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । वोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. वोलपत्र खरीद र दर्ता गर्ने अन्तिम दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा उपरोक्त अनुसारको कार्य हुनेछ ।

४. वोलपत्र साथ जमानत वापतको निम्न विवरणमा उल्लेखित रकम राष्ट्रिय वाणिज्य बैंक तुलसीपुर, दाङ स्थित तुलसीपुर उपमहानगरपालिका कार्यालय दाङको धरौटी खाता नं. ग-३-४१६०३०३००७१०१ मा जम्मा गरेको सक्कल भौचर वा वोलपत्र दाखिला गर्ने अन्तिम मितिवाट १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) पेश गर्नु पर्नेछ ।

५. वोलपत्रमा मू.अ.क. बाहेकको दररेट उल्लेख गर्नु पर्ने छ । वोलपत्र भर्दा दररेट स्पष्ट रुपमा अक्षर र अंकमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । म्याद नाघी आएको र रित नपुगेको बोलपत्र उपर कुनै कार्वाही गरिने छैन ।

६. एक फर्मको नाममा खरीद गरिएको वोलपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

८. वोलपत्रदाताहरुले बढीमा तिनवटा फर्महरुको एक संयुक्त उपक्रम बनाई वोलपत्र पेश गर्न सक्नेछन् । तर एक वोलपत्रदताले संयुक्तउपक्रमको साझेदार वा व्यक्तिगत मध्ये कुनै एउटा मात्र वोलपत्र पेश गर्न सक्नेछ ।

९. कार्यालयको हितलाई ध्यानमा राखी वोलपत्र स्वीकृत गर्ने वा आशिक रुपमा स्वीकृत गर्ने वा स्वीकृत नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१०. सूचनामा उल्लेख नभएको कुराहरुका हकमा सार्वजनिक खरिद ऐन,२०६३ एवं नियमावली,२०६४ र प्रचलित कानून बमोजिम हुनेछन् ।

११. कामको विवरण निम्नानुसारको छ ।

| सि.नं. | ठे.नं . | कामको विवरण | संख्या | ल.ई.रकम ( मु.अ.क. सहित) | जमानत रकम | फाराम खरीद दस्तुर | माध्यम |
|---|---|---|---|---|---|---|---|
| १. | 02/G/TSMP/075/76 | 150 CC Motor Bike as per specification | ११ वटा | २७,५०,०००।०० | ७०,०००।०० | ३,०००।- | वोलपत्र |
| २. | 03/G/TSMP/075/76 | 125 CC Motor Bike as per specification | ८ वटा | १६,८०,०००।०० | ४२,०००।०० | १,०००।- | वोलपत्र |

.........................

आन्तरिक व्यवस्थापन तथा खरिद ईकाई प्रमुख
तुलसीपुर उपमहानगरपालिका कार्यालय